म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३४७ सोमबार, १२ साउन २०८२ ने. सं. ११४५ गुल्लाथ्व 28 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ट्रकले स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालकको मृत्यु

हेटौँडा, ११ साउन/ मकवानपुरको मनहरीमा ट्रकले स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको छ । आइतबार दिउँसो पूर्व-पश्चिम राजमार्गअन्तर्गत् मनहरी-७ रमनटारमा ना. ६ ख ३०४० नम्बरको ट्रकले चितवनबाट हेटौडातर्फ आउँदै बागमती प्रदेश ०३-०४ प ११६२ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक चितवनको भरतपुर ११ बस्ने मोतीबहादुर क्षेत्रीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका क्षेत्रीको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए । त्यसैगरी, स्कुटरमा सवार महिला भरतपुर महानगर पालिका ९ सरतपुरकी अन्दाजी ३६/३७ वर्षीय नरमाया गुरूङ गम्भीर घाइते भएको र उनलाई उपचारका लागि चितवन पठाइएको जनाइएको छ । ठक्कर दिने ट्रक र चालकलाई इलाका प्रहरी कार्यालय मनहरीले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

### बागमतीमा कांग्रेसको किचलो: सहजीकरणको जिम्मा केसीलाई

# सांसद् संख्या बढाउने दाउमा लामा, रोक्ने रणनीतिमा बानियाँ

साझाकुरा संवाददाता

हेटौँडा, ११ साउन/ नेपाली कांग्रेसकै नेताबीच जारी शक्ति संघर्षले बागमती प्रदेश सरकार विघटनको संघारमा पुगेको परिस्थिति सम्हाल्ने प्रयास जारी राखेको नेपाली कांग्रेसले केन्द्रबाट सहजीकरण गर्ने जिम्मा नेता राजनकुमार केसीलाई दिएको छ ।

कांग्रेसकै कारण कांग्रेस नेतृत्वको सरकार ढल्ने स्थितिमा सहजीकरण गर्न नेता केसीलाई प्रतिनिधि तोकिएको महामन्त्री विश्वप्रकाश शर्माले जानकारी दिए । 'सहजीकरणका लागि केन्द्रीय प्रतिनिधि पठाइदिनुपर्ने हुन्छ । त्यसका लागि पार्टीले केन्द्रीय सदस्य र कीर्तिपुरबाट निर्वाचित सांसद् राजनकुमार केसीलाई प्रतिनिधि तोकेको छ,' महामन्त्री शर्माले भने ।

प्रदेशको कुरा प्रदेशले नै मिलाउने भन्दै उनले त्यसमा केन्द्रबाट हस्तक्षेप नहुने बताए । केसीले सहजीकरण मात्रै गर्ने उनको भनाइ छ ।

मुख्यमन्त्री बहादुरसिंह लामा र प्रदेश कार्यसमिति सभापति इन्द्रबहादुर बानियाँ दुवै देउवा पक्षकै नेताहरु हुन् । बजेटमा आएको असन्तुष्टिको मौकामा बानियाँले लामालाई संसदीय दलको नेताबाट हटाउन शुक्रबार अविश्वास प्रस्ताव दर्ता गराएका थिए । संसदीय दलको नेता मुख्यमन्त्री बन्न पाउने भएकाले लामालाई हटाएर बानियाँ दलको नेता बन्ने प्रयासमा छन् ।

बागमती प्रदेश सभामा नेपाली कांग्रेसका ३७ सांसदमध्ये २१ जनाले अविश्वास प्रस्तावमा हस्ताक्षर गरेका छन् भने चार जना मन्त्रीले राजीनामा दिएका छन् । उनीहरूलाई मुख्यमन्त्रीले पदमुक्त गरिसकेका छन् ।

सत्ता साझेदार दल एमालेसँग आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने सहमति गरेर ८ साउन २०८१ मा लामा मुख्यमन्त्री बनेका थिए । उनी बागमतीमा कांग्रेसका पहिलो मुख्यमन्त्री पनि हुन् ।

कांग्रेसभित्रको यो शक्ति संघर्षलाई स्वभाविकरुपमा लिएको महामन्त्री शर्मा बताउँछन् । 'लोकतान्त्रिक प्रक्रियामा यो खालको कुरा स्वाभाविक हुन्छ । यसलाई विधि प्रक्रिया भित्रैबाट टुंग्याउने हो,' उनले भने । प्रदेश सभामा अविश्वास प्रस्तावमा माथि मतदानको प्रक्रिया अघि बढाउनु परे पनि प्रक्रियामा लगिने उनले बताए ।



यता मुख्यमन्त्री लामा रिक्त रहेका ४ मन्त्रालयमा नयाँ मन्त्री नियुक्त गर्दै बानियाँ पक्षमा खुलेका सांसद्हरुलाई फकाउने रणनीतिमा लागेका छन् । यसका लागि उनी केन्द्रीय नेतृत्वलाई विश्वासमा लिन संघीय राजधानी काठमाडौंमा केन्द्रीत छन् । मुख्यमन्त्री लामाले राजिनामा दिएका मन्त्रीहरुको राजिनामा स्विकृत नगरी बर्खास्त गरेका थिए । चार मन्त्रालयमा बानियाँ पक्षका सांसद्लाई नियुक्ति दिएर संसदीय दलको नेता कायम रहने विश्वासका साथ लामाले राजिनामा नदिएर प्रकृयालाई फेस गर्ने बताइरहेका छन् ।

इन्द्रबहादुर बानियालाई संसदीय दलको नेतामा पराजित गर्दा लामाले २१ मत पाएका थिए । त्यतिबेला बानियाँ १६ मतमा सीमित बने । मुख्यमन्त्रीको कार्यशैलीकै कारण अहिले परिस्थिती फेरिएको छ । अहिले बानियाँको पक्षमा २१ सांसद्ले हस्ताक्षर गरेका छन् । यो संख्यालाई मतदान प्रकृयासम्म टिकाई राख्न बानियाँलाई समेत चुनौती छ । सत्ताको लोभमा ३ सांसद्ले क्याम्प परिवर्तन गरे भने १९ मत सहित लामा संसदीय दलको नेता कायम रहनेछन् । संसदीय दलको नेता परिवर्तन नभएसम्म लामालाई मुख्यमन्त्रीबाट हटाउन सहज छैन ।

कांग्रेस संसदीय दलको विधानअनुसार दलको नेताविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराउन २५ प्रतिशत सांसद्को हस्ताक्षर भए पुग्छ । तर, ५० प्रतिशतभन्दा बढी सांसद्को हस्ताक्षर रहेका कारण अब संसदीय दलको नयाँ नेता चयन प्रक्रिया अगाडि बढ्ने सांसद् छिरिङदोर्जे लामा बताउँछन् । उनका अनुसार अबको बैठक सचिवले राख्न सक्ने विधानमा स्पष्ट उल्लेख छ ।

खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री श्यामबहादुर खड्काले मुख्यमन्त्रीले अविश्वासको प्रस्ताव फेस गर्न जरुरी रहेको बताए । उनले मुख्यमन्त्रीले एक वर्ष काम गरिसकेको र कामको मूल्यांकन गर्ने अवसर सांसद्हरुले प्राप्त गर्ने दाबीसमेत गरे । 'दलको नेताले आफूविरुद्धको प्रस्ताव फेस गरेर अगाडि बढ्ने हो । राजीनामा दिने सम्भावना देखिन्नँ,' मन्त्री खड्काले भने ।

बागमती प्रदेशमा कांग्रेस र एमाले गठबन्धनको सरकार रहेको छ । सरकारमा कांग्रेसले मुख्यमन्त्रीसहित आठ मन्त्रालयको नेतृत्व गरिरहेको छ । बागमती प्रदेशमा नेपाली कांग्रेसको ३७ सिट छ ।

## लागुऔषधसहित चार भारतीय पक्राउ



साझाकुरा संवाददाता


हेटौँडा, ११ साउन/ मकवानपुरमा ठूलो परिमाणको लागुऔषधसहित भारतीय नागरिकहरू पक्राउ परेका छन् । सशस्त्र प्रहरीको टोलीले इन्द्रसरोवर गाउँपालिका-२ हेवी चोकबाट ६ हजार ४ सय ४३ एम्पुल लागुऔषधसहित चार जना भारतीय नागरिकहरूलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा भारत घर बताउने ४३ वर्षीय शेख सपुर, १९ वर्षीय निसाव आलम, २५ वर्षीय ओसिम अहमद र २४ वर्षीय शेख गजुर रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिएका छन् । नियन्त्रणमा लिइएकाहरुमध्ये २४ वर्षीय शेख गजुर उक्त गाडीको चालक हुन् ।

भारतको सुगौलीबाट पर्साको वीरगन्जहुँदै काठमाडौं आउँदै गरेको बीआर ०५ पीए ९०९३ नम्बरको गाडी चेकजाँचका क्रममा गाडीको तीन वटा ढोकामा फल्स बटम बनाएर राखिएको लागुऔषध भेटिएको थियो ।

सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन बेस कुलेखानीबाट सशस्त्र प्रहरी निरीक्षक अमृत थापाको कमाण्डमा खटिएको सुरक्षा फौजले नियन्त्रणमा लिएको हो । बरामद लागूऔषधमा नोफिन २ हजार ४ सय वटा, डाइजेपाम २ हजार ४ वटा, प्रोमेथाइजन हाइड्रोक्लोराइड २ हजार ४ सय वटा र ट्रमाडोल हाईड्रोक्लोराइड क्याप्सुल ५ वटा छ ।

नियन्त्रणमा लिएकाहरुलाई बरामद लागूऔषध तथा गाडीसहित आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा बुझाइएको प्रहरीले जनाएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# घोषणा मात्र, राहत शून्य

मधेश सधैं अन्नको भण्डार मानिएको प्रदेश हो, जहाँको मलिलो जमिनले देशको पेट भर्ने काम गर्दै आएको छ । तर यस वर्ष मधेश उस्तै भूमिमा खडेरीले थिलथिलो बनेको छ । मौसमको अनिश्चितता, सिंचाइको अभाव, पानीका स्रोत सुक्न थालेका अवस्था र सरकारी उदासीनताले अहिलेको संकट गहिरिएको छ । प्रदेश सरकारले 'मधेशले देशलाई खुवाउने' भन्ने नीति ल्याएको वर्षमै आधाभन्दा कम खेतमा मात्रै रोपाइँ भएको तथ्यले यो नीति केवल नारामै सीमित भएको पुष्टि गर्दछ । स्थानीय किसानको मुख्य स्रोत-धान खेती नै संकटमा परेको छ । सिँचाइको व्यवस्थापनमा गम्भीर कमजोरी देखिएको छ भने खानेपानीको अभाव झन् भयावह बनिरहेको छ । पर्सा, बारा, सप्तरीजस्ता जिल्लामा चापाकल सुक्न थालेपछि ट्यांकरबाट पानी बाँड्नुपर्ने अवस्था भइसकेको छ ।

संकटको गम्भीरता बुझेर प्रदेश र संघीय सरकारले क्रमश: सुक्खाग्रस्त र संकटग्रस्त क्षेत्र घोषणा गरे । तर यस्तो घोषणा जनताका लागि तब मात्र सार्थक हुन्छ, जब त्यसपछि ठोस राहत कार्यक्रम आउँछ । दुर्भाग्यवश, मधेशका किसानले अहिलेसम्म कुनै प्रभावकारी राहत अनुभूति गरेका छैनन् । सत्तामा बसेका नेताहरुको सन्देश र पत्रकार सम्मेलनभन्दा बाहिर जनस्तरमा राहत अनुभूति हुन सकेको छैन । प्रधानमन्त्रीले घोषणा गरेअनुसार ५०० डिप बोरिङ गाड्ने योजना आएको छ, तर कार्यान्वयन कति प्रभावकारी हुन्छ भन्ने कुराले महत्व राख्छ । यो काम अझै प्रारम्भिक चरणमै छ र किसानको तत्कालीन संकट समाधान गर्न ढिला भइसकेको छ । यसबाहेक, मधेशका सतही सिंचाइ प्रणालीहरू (बागमती, गण्डक, कोशी, झाँझ नहर आदि) मर्मत र पुन:सञ्चालनमा सरकारको ध्यान जानु आवश्यक छ । यिनीहरू प्रयोगविहीन हुँदा भूमिगत पानीकै भरमा खेती निर्भर बनिरहँदा जल स्रोत सुक्ने खतरा बढ्दो छ । यसका लागि सतही स्रोतको दीर्घकालीन व्यवस्थापन अपरिहार्य छ ।

कृषि प्रणाली परिवर्तन गर्नु अबको आवश्यकता हो । सुख्खा सहन सक्ने धानका जात, छरुवा प्रविधि, र अल्पकालीन बालीहरूका प्रयोगमा सरकारको स्पष्ट कार्ययोजना चाहिन्छ । यस्ता उपायहरूमा अनुदान र प्राविधिक सहयोग उपलब्ध गराउन सके मात्र किसानले भोगिरहेको संकट टार्न सकिन्छ । अन्तत:, संघीय, प्रदेश र स्थानीय तहबीच स्पष्ट समन्वयबिना यस्तो बहुआयामिक संकट समाधान हुन सक्दैन । प्रदेश सरकारले केन्द्रतर्फ मात्र हेर्ने र संघीय सरकारले पनि प्रतीकात्मक टोली पठाएर मात्र औपचारिकता निभाउने प्रवृत्तिको अन्त्य हुनुपर्छ । संकटको सामना गर्ने उपाय घोषणाबाट होइन, कार्यान्वयनबाट सुरु हुन्छ । अब सरकारले हात बाँधेर बस्ने होइन, मधेशका खेत र जनताको जीवन बचाउने काममा तत्काल जुट्नुपर्ने समय हो । समयमै नउठेपछि यो खडेरी केवल एक वर्षको समस्या होइन, मधेशको भविष्यकै खडेरी बन्नेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०७६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन १३ गते मंगलबार २९ जुलाई २०२५ । पञ्चमी, साउन शुक्लपक्ष । गुँल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:२६, सूर्यास्त ६:५३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक सन्तोष हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : धन प्राप्ति हुनेछ | वृश्चिक | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| मिथुन | : व्यापारमा नयाू योजना बन्नेछ | धनु | : रिसाउने बानीले काम बिग्रनेछ |
| कर्कट | : कठिनाई कम हुनेछ | मकर | : नोकरीबाट असन्तोष बढ्नेछ |
| सिंह | : साथीभाइमा मनमुटाव हुनेछ | कुम्भ | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# डिप बोरिङ जोड्दैमा सुक्खाग्रस्त मधेशको प्यास मेटिँदैन



✍ सन्देश सुवेदी

वर्षा नहुँदा मधेश प्रदेश चरम खडेरीको चपेटामा छ । मनसुन प्रवेश गरेको महिनौं बितिसक्दा पनि अधिकांश ठाउँमा पर्याप्त वर्षा नभएकाले किसानहरू आकाशतिर हेरेर पानीको प्रतीक्षामा छन् । अधिकांश ठाउँमा खेत चिरा परेका छन्, इनार र ट्युबवेल जस्ता परम्परागत स्रोतहरू सुकेका छन् । सतहको पानी मात्र नभई भूमिगत पानीको अत्यधिक उपयोग तथा अनावृष्टिका कारण जल पुनर्भरण प्रकृया अवरुद्ध भएको छ । जसको कारण खानेपानी अभावको साथसाथै सिँचाई प्रणालीमा समेत गम्भीर असर परेको छ । यस गम्भीर संकटलाई मूल्यांकन गर्दै नेपाल सरकारले मधेश प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषाणा गरेको छ ।

मधेश प्रदेशमा हाल देखिएको सुक्खा अवस्था केवल समयमा वर्षा नहुनुको परिणाम मात्र नभई, जलवायु परिवर्तनदेखि माटोको संरचना तथा पारिस्थितिकीय प्रणालीको बिनाशसम्मको एक जटिल शृंखला हो । जलवायु परिवर्तनको कारण मनसुनको प्रभाव विस्तार हुन नसक्नु र वर्षा चक्रको अनियमितताले जमिनमा पानीको पुनर्भरण क्षमतामा गम्भीर असर पुर्याएको छ । यो असर माटोसँग गहिरो रुपमा गाँसिएको छ । माटोको पानी सोस्ने र अड्याएर राख्ने क्षमता मुख्यत: माटोको बनावट, बनौट, जैविक तत्व र सतही संरचनामा निर्भर रहन्छ ।

चुरे क्षेत्रमा भएको वन फडानी, डढेलो तथा पोथ्राहरूको विनाशले एकातिर माटोमा जैविक तत्व घटाएको छ । जसले गर्दा माटोको संरचना खुकुलो हुन सकेको छैन र वर्षाको पानी जमिनभित्र छानिन नसकी सीधै बगेर गइरहेको छ । अर्कातिर, घना वन हुँदाका पातका सतहले वर्षाको थोपाको वेग थाम्ने, थोरै थोरै गरेर माटोमा चुहाउने काम गर्थ्यो तर वन फडानी हुँदा वर्षाका थोपा उच्च गतिमा सिधै जमिनमा ठोक्किन्छन् र माटोका सूक्ष्म कण सतहमा पुन: वितरण भएर माटोमा कडा सतही छानाको निर्माण हुन पुग्छ । जसले माटोभित्र पानीको प्रवेश तिब्ररुपमा घटाउँछ । त्यस्तै, वन विनाशले जमिनमा जराहरू तथा किरा-किटहरूको घनत्व घटाउदा जमिनभित्र पानी छिर्ने ठूला छिद्रहरूको संख्या घट्दै जान्छ र वर्षाको पानी सतहमै बग्न पुग्छ र पुनर्भरण जान पाउँदैन ।

चुरे क्षेत्रमा वनस्पतीको कमि हुँदै जाँदा वाष्पीकरण-वाष्पोत्सर्जन प्रकृया घटाउँछ, जसले सतहमा गुप्त उर्जाको वहाव घटाई महसुस हुने तापको वहाव बढाउँछ । जसको परिणामस्वरुप सतहको तापक्रम तीव्र रुपमा बढ्न पुग्छ । उच्च तापको वहावले वायुमण्डलमा संवहन प्रकृया कमजोर बनाउँछ, जसले स्थानीय स्तरमा वर्षा गराउने संवहनी बादलहरूको विकासमा अवरुद्ध गर्दछ । जसको परिणामस्वरुप चुरेदेखि तल रहेको मधेश प्रदेशमा वर्षा चक्र अनियमित बन्छ, जमिनमा पानीको आपूर्ति घट्छ र जमिन सुक्खा रहन्छ ।

त्यस्तै, यस क्षेत्रमा भइरहेको रोटाभेटरको अत्याधिक प्रयोगले माटोका ठूला समुच्चयहरू फुटेर साना सूक्ष्म कणहरू बनाउँदछ । यस्ता सूक्ष्म कणहरूले सतहमा पानी नछिर्ने तह बनाउँछन् । परिणामस्वरुप सतही माटोमा पानी सोस्ने दर घट्ने, सतहमा पानीको वहाव बढ्ने, र खेतमा पानीको सिँचाईपछि बाहिरबाट खेतमा पानीको मात्रा उस्तै देखिए पनि माटोको भित्री तहसम्म भिजाइ अत्यन्तै कम हुने हुन्छ । लगातर एउटै गहिराइमा उच्च गतिमा जोत्दै गएमा माथिल्लो १०-२० सेन्टिमिटरमा कडा र उच्च थोक घनत्व भएको तह बन्छ । जसले माटोको सतहमा पानी छिर्ने प्रकृया रोकेर पानीलाई माथिल्लो सतहमै अड्याउँछ र छोटो समयमै वाष्पीकरण हुन जान्छ । यसरी जराहरू जमिनमा गहिरिएर पस्न सक्दैनन् भने अर्कातिर छिद्रहरू बन्द हुँदा हावाको आदानप्रदान अवरुद्ध भई सूक्ष्मजीवको कृयाशीलता घट्न जान्छ । परिणामस्वरुप: पानीको पुनर्भरणमा समस्या आउँछ ।

सुक्खा प्रभावित मधेश प्रदेशको सम्माननीय प्रधानमन्त्रीले स्थलगत अवलोकन गरेर तत्काल ५०० वटा डिप बोरिङ जडान गर्ने घोषणा गर्नुभएको छ । यो दीर्घकालीन समाधान भने होइन । डिप बोरिङले भूमिगत पानीको अत्यधिक दोहन गर्छन् जसले जलस्तरमा तीव्र गिरावट ल्याउँछ । यसले पानीको मुहानको दीर्घकालीन पुनर्भरण क्षमतामा कमी आउँछ र पिउने पानीको अभाव बढ्छ । विशेषगरी सुक्खा प्रभावित यस क्षेत्रमा जब धेरै मानिसहरू डिप बोरिङमा निर्भर हुन्छन, तब भूमिगत जलस्तर चाँडै सुक्न थाल्छ, यसले इनार र ट्युबवेल सुक्ने समस्या बढाउँछ । यसको साटो केन्द्र तथा प्रदेश सरकारले सुक्खा प्रभावित जिल्लाहरूमा वर्षा पानी संकलन तलाउ, पुनर्भरण खाल्डो, बाँध र पोखरी निर्माणका कार्यक्रमहरूलाई प्राथमिकतामा राखी बजेट प्रवाह गर्नुपर्छ । यी संरचानहरूले सतहमा आएको पानीलाई छिटो बगेर नजाने गरी माटोमा अवशोषित गराउन सहयोग पुर्याउँछन् । यसले भू-जलस्तरलाई स्थिर राख्ने मात्र नभई सिँचाई र खानीपानी आपूर्तिमा सुधार ल्याउँछ ।

माटोमा पानीको मात्रा जोगाउन र पानीको पुनर्भरण क्षमता बढाउन रोटाभेटरको प्रयोग अत्याधिक घटाउन आवश्यक छ । रोटाभेटरले माटोलाई अति सूक्ष्म बनाउँदै माटोको प्राकृतिक समुच्चय संरचनाहरू भत्काउने, सतही क्रस्टिंग बढाउने र छिद्रहरू बन्द गर्ने हुँदा यसको विकल्प स्वरुप मिनिमम टीलर, सोइल ओपनर, शून्य टिल उपकरण, कल्टिभेटर तथा जिह्रोभेटरको प्रयोग गर्न सकिन्छ । यसका साथै कम जोताइ, जैविक तथा प्रांगारिक मलको प्रयोग र मल्चिंग जस्ता संरक्षण कृषि विधि अपनाउँदा माटोको संरचना मजबुत हुने तथा माटोमा पानी सोस्ने दर बढ्ने भएकाले वर्षाको पानी माटोभित्र छिटो र प्रभावकारी रुपमा सोसिन सक्छ । यसले माटोमा चिस्यान कायम राख्दै भू-जल पुनर्भरण प्रकृयालाई तीव्र बनाउन सहयोग पुर्याउने हुँदा रोटाभेटरको प्रयोग नियन्त्रण गर्नेतर्फ सरकार र कृषक दुवै सचेत हुनु आजको आवश्यकता हो ।

चुरे क्षेत्रका वनस्पति र माटोको संरचनाको पुन:स्थापनाले मात्र वर्षाको पानीको पुनर्भरण प्रकृया सुधार गर्न सकिन्छ । चुरे क्षेत्रलाई संरक्षण गरी अवैध कटानी, उत्खनन् र वनविनाश रोक्न कडाइ गर्नुपर्छ । वन पुन:रोपणका कार्यक्रमहरूमा स्थानीय समुदायलाई समावेश गरी सामुदायिक वन व्यवस्थापन प्रणाली सुदृढ बनाउनुपर्छ । यसरी वनस्पतिको वाष्पोत्सर्जन पुन:सकृय गरी स्थानीय जलचक्र सुधार गर्न सकिन्छ । त्यस्तै, सुक्खाग्रस्त यस प्रदेशको सन्दर्भमा, उपयुक्त बाली छनौट, बाली चक्र परिवर्तन र अन्तरबाली प्रणाली अपनाउदा पानीको समुचित प्रयोग, माटोको उर्वरता र संरचना संरक्षणमा मद्दत पुग्छ । अहिलेको अवस्थामा धानजस्तो धेरै पानी चाहिने बालीको सट्टा सुक्खा सहनसक्ने जात तथा बालीहरूको खेती गर्नुनै समयसान्दर्भिक मानिन्छ ।

मधेशमा अहिले देखिएको सुक्खा संकट त संकेतमात्र हो, समयमै आवश्यक दीर्घकालीन कदम चालिएन भने भविष्यमा यसले अझ विकराल रुप लिन सक्छ । यस सुक्खा संकटको दीर्घकालीन समाधानका लागि कृषि तथा पशुपन्छि विकास मन्त्रालय, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय र वन तथा वातावरण मन्त्रालयबीच आवश्यक समन्वय गरेर एकीकृत कार्ययोजना निर्माण गरेर काम गर्नु आवश्यक छ । कृषि तथा पशुपन्छि विकास मन्त्रालयले सुक्खा सहनशील बाली प्रणाली, संरक्षण कृषि, जल बचत प्रविधि प्रवर्द्दन गर्न सक्छ, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले वर्षा पानी संकलन, पुनर्भरण संरचना निर्माण र आधुनिक सिँचाइ प्रविधिको पहुँच विस्तार गर्न सक्छ भने वन तथा वातावरण मन्त्रालयले चुरे क्षेत्रको पुनर्स्थापना, वन संरक्षण र जलचक्र संतुलन कायम गर्न नीतिगत तथा व्यवहारिक योजना ल्याउन सक्छ । यी तीनै मन्त्रालयबीचको समन्वयमा प्रदेश र स्थानीय तहमा सन्यंत्रहरू गठन गरी जिल्लास्तरमा प्राविधिक टोली र समुदायलाई आवद्द गर्दै स्थान विशेष रणनीति बनाइनुपर्छ । यस्तो समन्वयले प्राकृतिक स्रोतको दोहन नियन्त्रण, माटोको संरचना बिग्रन नदिई भू-जलस्रोतको संरक्षण र दिगो कृषि प्रणाली मार्फत सुक्खा संकटलाई न्यून गर्न प्रभावकारी भूमिका खेल्नेछ ।

*(साभार: अनलाइनखबर)*

# सुशासनका अवरोधक माफियावादको समूल नष्ट गरौं

✍ सागर पण्डित

नेपालको इतिहास हेर्दा पत्ता लाग्छ- सबै शासकीय प्रणालीको मूल दोष एउटै थियो : जनता केन्द्रमा थिएनन्, सत्ताको सर्वोच्च हितमा जनताको भन्दा आफन्त, आसेपासे र माफियाको उपस्थिति बलियो थियो । यही विकृत पद्धतिले आजसम्म पनि मुलुकमा सुशासनको जग बस्न दिएन, जसका कारण यति सुन्दर र प्राकृतिक स्रोतले भरिपूर्ण देशका जनता सधैं दु:खी भइरहे र देश सधैं विकासमा पछि पर्दै आयो ।

राणा शासनमा जनता रैती थिए । पञ्चायत आयो- राजाले शासन गरे, आफू र आफ्नो वर्गलाई बिर्ता बाँड्ने काम भयो । त्यो बेलामा सुशासन न भाष्य थियो, न प्राथमिकता । विकासका बाटा खुल्न सकेनन्, नागरिक चेतनाको हुर्मत लिइयो । तथापि, ती कालमा पनि भ्रष्टाचार अहिले जति अन्धाधुन्ध भने थिएन । राजा, महाराजा र उनका निकटबाहेक अन्यलाई भ्रष्टाचारमा केही कडाइ गरिन्थ्यो तर आफैं भ्रष्टहरुको अखडामा बसेर राजसंस्थाले भ्रष्टाचार विरुद्ध अभियान थाल्ने कुरै भएन । त्यसैले राजाहरुको कार्यकालमा पनि मुलुक यथास्थितिमा नै रुमल्लिन बाध्य भयो ।

त्यसपछि आयो लोकतन्त्र- जनताको शासन भनिने प्रणाली तर यहींबाट शुरु भयो छाडातन्त्र, लुटतन्त्र र अराजकतन्त्र । नेताहरुले राजनीति जनताका लागि होइन, आफ्नो शक्ति र सौदाबाजीको लागि प्रयोग गर्न थाले । व्यवस्थाहरू संविधानमा सीमित भए, व्यवहारमा तिनको बलात्कार भयो । लोकतन्त्रलाई लुटतन्त्र बनाउने बाटो यहीँबाट प्रशस्त भयो ।संघीय लोकतान्त्रिक गणतन्त्रको आगमनपछि आशा गरिएको थियो- अब त सुशासन संस्थागत हुनेछ । विकास र समृद्धिले निकै गति लिनेछ । जनताका गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र बेरोजगारीको समस्या समाधान हुँदै जानेछ । आर्थिक, सामाजिक क्षेत्रमा केही सुधार भए पनि आम जनताको आशामा फेरि ठूलो तुषारापात भयो । तर परिस्थिति झनै भयावह बन्यो । राज्यको स्रोत-साधनमा दल, दलका नेता र तिनका आसेपासेहरुको गिद्धे दृष्टि रह्यो । मन्त्रीदेखि सचिव, अदालतदेखि प्रहरी प्रमुखसम्म किनबेचको सामानजस्तै बनाइयो । नैतिकता र इमानदारी राजनीति र शासनको कोसेली हुने कुरा त अब सपनाजस्तै बनिसकेको छ ।

हामीले वर्षौंदेखि सुशासनका पक्षमा ठूला-ठूला वकालत गर्दै आयौं । पञ्चायतकालमा पनि शासकहरुले सुशासनका कुरा उठाए । लोकतन्त्रमा त शासकहरुले झन् सुशासन शब्द दिनहुँ उच्चाहरण गर्न थाले । भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अपनाउने भन्दै जनतालाई दिनदाहाडै झुट बोल्दै आए । यसको उल्टो भ्रष्टाचार रात दुई गुणा र दिन चार गुणाका दरमा बढ्दै आयो । लोकतान्त्रिक भनिएका सरकारहरुलाई खासै मतलव छैन । मुलुकमा सुशासन कायम गर्ने र भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख दायित्व सरकारकै हो । हामीकहाँ तीनवटा सरकारहरु रहे पनि भ्रष्टाचार नियन्त्रण हुनुको साटो उल्टै बढ्न पुग्नुले सरकारको अक्षमतालाई देखाउँछ ।

अर्कोतर्फ सुशासनका लागि संस्थागत भूमिका खेल्ने प्रमुख संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग हो । तर विडम्बना, यही आयोगलाई कमजोर बनाउने षड्यन्त्र सरकारभित्रैको एउटा समूहले बुनिरहेको छ । बाहिर अख्तियारले भ्रष्टाचारविरुद्ध बालेका सुशासनको दियो निभाउने खेलमा अत्तालिएका बिचौलिया र माफियाहरु त छँदै छन् । यही माफियाहरुको समूह बलियो हुँदै जाने हो कि भन्ने चिन्ता पनि आम सर्वसाधारणमा छ । यद्यपि सर्वसाधारणको बल भयो भने यी माफियाहरुको समूल नष्ट गर्न कठिन भने छैन । माफियाहरुको गेमलाई राम्ररी बुझेर सबैजना एकजुट भई त्यस्ता खेलहरु परास्त गर्नुको विकल्प छैन ।

माफिया र बिचौलियाहरु 'प्लान १, प्लान २, प्लान ३' बनाएर मुलुकमा संस्थागत कुशासन लाद्न खोजिरहेका छन् । यिनीहरुले राजनीतिक नेतृत्व, प्रशासन, न्यायपालिका र मिडिया सबैलाई खरिद गरेर आफ्नो नियन्त्रणमा ल्याउने योजना बुनिरहेका छन् । केही समयअघि अखितयारले यिनै माफिया सञ्जालका ठूला नाइकेहरूमाथि कारबाही गरेपछि उनीहरु हिन्दी फिल्मका गुन्डाझैं देखिए, अख्तियारको सुशासनको अभियानाले आफ्ना खेतीपाती बन्द हुने डर देखिएपछि ती माफियाहरु विभिन्न भेषमा अखितयारविरुद्ध नै षड्यन्त्र र बदनाम गर्ने दाउपेचमा उत्रिन थालेका छन् । उनीहरु कहिले अदालतको भेषमा त कहिले मिडियाको भेषमा प्रकट हुन थालेका छन् । सरकारका कैयौं निकायलाई त उनीहरुले खरिद गरेर वर्षौंदेखि आफ्नो वशमा राख्दै आइरहेका छन् ।

देशभक्त नागरिक, जवाफदेही नेतृत्व र सुशासनप्रेमी शक्ति अहिले गम्भीर जिम्मेवारीको मोडमा छन् । कारण प्रस्ट छ- राज्यका सबै खाले शक्ति संरचनालाई कब्जा गर्ने योजनासहित माफिया र बिचौलिया सक्रिय भइसकेका छन् । उनीहरूले 'प्लान १, प्लान २ र प्लान ३' भन्ने खतरनाक ब्लुप्रिन्टमार्फत मुलुकलाई कब्जा गर्ने, लुट्ने र संस्थागतरूपमा कुशासनको राज स्थापनाको अन्तिम तयारी गरिरहेका छन् ।

माफियाहरुले प्लान १ अन्तर्गत राज्य कब्जा गर्ने र अख्तियारलाई पंगु बनाउने कसरत गरिरहेका छन् । यो योजनाअन्तर्गत माफिया र सत्ता संरचनासँग साँठगाँठ गर्ने समूहहरूले आफ्ना आसेपासेहरूलाई संवैधानिक निकाय, मन्त्रालय, सुरक्षातन्त्रदेखि न्यायालयसम्म फिट गर्ने काममा तदारुकता देखाइरहेका छन् । यसका लागि विधिसम्मत प्रक्रिया होइन, साँठगाँठ, चलखेल र सिफारिसमार्फत मान्छे भर्ना गरिँदै छ । विशेष गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग अहिले सबैभन्दा बढी माफियाको आँखा गडेको संस्था हो । भ्रष्टाचारको भण्डाफोर गर्न सक्ने एक्लो र सक्षम संवैधानिक निकाय भएकै कारण यसलाई बदनाम गर्ने, नेतृत्वलाई विवादमा पार्ने, कथित मिडियामार्फत नियोजित चरित्र हत्या गराउने र अन्तत: यसको विश्वसनीयता कमजोर पार्ने प्रयास तीव्र भएको छ ।

अख्तियारले अहिले देशभर निगरानी शक्ति विस्तार गर्दै संस्थागत भ्रष्टाचारविरुद्ध कठोर कार्यवाही गरिरहेको छ । तर यो सबै कदम माफियाका लागि बाधक बनेका छन् । त्यसैले, उनीहरूले करोडौं खर्च गरेर भए पनि अख्तियार लाई या त पंगु बनाउने वा आफूखुशी चल्ने 'आफ्ना मान्छे' त्यहाँ फिट गर्ने चालमा छन् । प्लान २ अन्तर्गत नीतिगत भ्रष्टाचार र समग्र मिलेमतोको खेलमा छन् माफियाहरु । जसअनुसार राज्यको ढोका कब्जा गरेपछि दोस्रो चरण शुरु हुन्छ- नीतिगत भ्रष्टाचार गरी अकूत सम्पत्ति कुम्ल्याउने । माफियाहरू मन्त्रालय, आयोग, नीति निर्माण गर्ने सल्लाहकार समूहदेखि बजेट निर्माणसमेतमा प्रभाव जमाएर नीति आफैँले लेख्ने योजनामा छन् । त्यसपछि हुन्छ, मिलेमतोमा ठेक्कापट्टा, कर छुट, अनुदान, स्रोत-साधनको दुरुपयोग र राष्ट्रघाती सम्झौताहरू । अर्थ मन्त्रालय, भौतिक पूर्वाधार, ऊर्जा, वन, खानेपानी, वाणिज्य, सञ्चारलगायतका क्षेत्र यी माफियाको मन पर्ने सिकार हुन् । यी मन्त्रालयमार्फत आफ्नो स्वार्थ अनुकूल कानुन, नीति र निर्देशिका बनाइन्छ अनि सबै दल, नेताहरूलाई सानो-ठूलो भाग बाँडफाँड गर्दै मिलेर खाने खेल शुरु हुन्छ । माफियाको प्लान ३ अन्तर्गत राष्ट्र लुट्ने, टाट पल्टाउने र ट्याक्स हेभेनमा सम्पत्ति लैजाने अन्तिम धन्दा हुनेछ । तेस्रो चरणको उनीहरुको देश र जनताघाती प्लान सबैभन्दा भयावह छ ।

यो राज्य दोहनको चरम चरण हो । माफियाहरू राष्ट्रको स्रोत-साधन दोहन गर्छन्, अर्थतन्त्रमा कब्जा जमाउँछन् । खनिज, जल, जंगल बेच्ने वा परापूर्वकालसम्म हैकम जमाएर राख्ने सम्झौता गर्छन् । अकूत सम्पत्ति आर्जन गरेर वैदेशिक लगानीको नाममा आफ्नै कम्पनी खोल्छन् । त्यसपछि अर्बौं रकम स्वीस बैंक, दुबई, बेलायत, अमेरिका, सिंगापुर र ट्याक्स हेभेन भनिने देशमा राखिन्छ अनि भनिन्छ, 'देशको विकासका लागि लगानी गर्न खोजिएको हो ।'

वास्तवमा यी योजनाहरू राजनीतिक दल, सरकार, न्यायालय, सुरक्षा निकाय र मिडियासम्मलाई प्रभावित पारेर कार्यान्वयनमा ल्याउन खोजिएको राष्ट्रघाती षड्यन्त्र हो । यसको समर्थन वा मौनता कुनै पनि रुपमा राष्ट्रघात नै हुनेछ । यस्तो परिस्थिति रहिरहने हो भने नेपाल 'भयावह कुशासन'को दलदलमा फस्ने निश्चित छ । अब पनि राज्यका सबै अंगहरू- सरकार, अदालत, संसद्, प्रहरी, मिडिया र नागरिक समाज एकठाउँमा उभिन सकेनन् भने स्थिति अझ भयावह बन्नेछ । मिडिया किनबेचको माध्यम नबनोस्, अदालतले न्याय बेच्ने काम नगरोस् । सरकार आफ्नो भ्रष्टाचार नियन्त्रण गर्ने मुख्य दायित्वबाट च्यूत नबनोस् । देशमा कानुनको शासन स्थापित गर्न र सुशासन कायम गर्न अख्तियार र त्यसको नेतृत्वले लिएको पछिल्लो पहलकदमी ऐतिहासिक छ । अख्तियारले अहिले भ्रष्टाचारीमाथिको कारबाहीमा अहिलेसम्मकै इतिहास तोड्दै नयाँ कीर्तिमानी राखेको छ । अख्तियारको अहिलेको नेतृत्वले जग्गा दलालको मुटु कमाएको छ । मुलुकको प्रविधि क्षेत्रमा अर्बौं लुट मच्चाएको गिरोहलाई भत्काउँदै मुख्य नाइकेलाई जेल पठाएको छ । ठूला माछाका रुपमा रहेका पूर्वप्रधानमन्त्रीलाई पहिलोपटक मुद्दा चलाएर जतिसुकै ठूला व्यक्ति पनि कारबाहीको दायरामा आउन सक्छन् भन्ने ऐतिहासिक र दूरगामी महत्वको सन्देश दिएको छ । र, भ्रष्ट माफियाहरुको निद हराम गर्दै आइरहेको छ । तर भ्रष्ट गठजोड त्यसैसँग डराइरहेको छ । अब मिडिया, न्यायालय, संसद् र जनताले मिलेर निर्णय गर्नुपर्नेछ- सुशासन चाहिन्छ कि 'सुशासन मास्नेलाई समर्थन'?

विश्लेषकहरू भन्छन्- अख्तियारलाई अहिले माफियाले राइड गर्न सक्दैन, त्यसैले उनीहरू त्यहाँको नेतृत्वलाई हटाउन र बदनाम गर्न सबै अस्त्र प्रयोग गरिरहेका छन् । अब यो प्रश्न आम नागरिकसमक्ष छ- न्यायको पक्षमा उभिने कि माफियाको खेल र तमासा हेरेर मुलुकलाई अझै भ्रष्टाचारको दुश्चक्रमा लैजाने ? सबैभन्दा ठूलो जिम्मेवारीचाहिँ जनताको हो । जनताले अब चुप लागिरहने होइन, माफियामाथि सशक्त प्रतिकार गर्ने चेतनशील नागरिक बन्दै उभिनु आवश्यक छ । माफियाहरुलाई पहिचान गरी सामूहिक प्रतिकार गर्ने र सामाजिक बहिष्कार गर्ने अभियान चलाउनुपर्छ ।

हामीलाई थाहा छ, अख्तियार सर्वगुणसंपन्न छैन । त्यहाँ पनि कमजोरी छन्, ढिलासुस्तीका केही उदाहरण छन् । ती सबलाई सच्याउन स्वस्थ आलोचना आवश्यक छ । तर संस्थाको मनोबल गिराउने, ऐतिहासिक सफलतामा रहेको नेतृत्वलाई खुइल्याउने, अपमान गर्ने अनि माफियाको खेल सजिलो बनाउने कार्य गर्नु ठूलो भूल र देशद्रोहजस्तै हुनेछ । यति बेला अख्तियारको मनोबल बढाउनुपर्छ, उसलाई यथासम्भव सहयोग गर्नुपर्छ । सरकारलाई पनि सधैँ झकझक्याउनुपर्छ- 'कुशासन होइन, सुशासन देऊ ।'

हामी सबैले बुझ्नुपर्छ- राष्ट्रको सम्पत्ति लुट्ने, नीति कब्जा गर्ने र न्याय प्रणालीलाई बदनाम बनाउन खोज्ने माफियाहरू हिजोका भन्दा अझ बढी योजनाबद्ध, संगठित र पाशविक ढंगले सक्रिय छन् । यसकारण अख्तियार मात्र होइन, हामी सबै सचेत र सक्रिय हुनुपर्छ । नेपाल आमाको अस्मिता बेच्न खोज्नेहरूलाई रोक्न अब नागरिक, पत्रकार, न्यायाधीश, प्रशासक, शिक्षक, कर्मचारी, सिपाही सबै एकै मोर्चामा उभिनुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सुख्खा संकटग्रस्त मधेश: सरकारबाट घोषणा भयो, केही राहत आएन



जनकपुरधाम/ मधेशलाई अन्नको भण्डार भनिन्छ । त्यसैले यस वर्ष मधेश सरकारले नीति ल्यायो 'मधेशले देशलाई खुवाउने' । प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ मा कृषि उत्पादनमुखी नीति ल्याए पनि मधेशमा अहिले खडेरी चर्किंदै गएको छ । प्रदेश कृषि विकास निर्देशनालयका अनुसार शुक्रबारसम्म मधेश प्रदेशमा ५१ प्रतिशत खेतमा मात्र धान धान रोपाइँ भएको छ ।

जेनतेन सिंचाइको जोहो गरेर रोपिएको खेत चिरा परेका छन् भने ब्याडमा राखिएको बिउ सुक्न थालेको छ । मधेशका आठवटै जिल्लामा यो समस्या उस्तै छ । किसानहरू धान रोप्न नसक्दा जिविकोपार्जनको मुख्य स्रोत नै गुम्ने त्रासमा छन् । खेतीपातीमै होइन, दैनिक जीवनका लागि खानेपानीको संकट बढ्दो छ । इनार, कुवा र चापाकल जस्ता मुख्य पानीका स्रोत सुक्न थालेका छन् । पर्सा, बारा र सप्तरीमा चापाकल सुक्न थालेपछि ट्यांकरबाट पानी बाँड्न थालिएको छ ।

खानेपानीको स्रोत हराउँदै जाँदा, अब जीवनयापन कसरी गर्ने भन्ने गम्भीर चिन्ता सबैलाई लागेको छ । विद्युतीय मोटरबाट सिंचाइ गर्दा करेन्ट लागेर दिनहुँ किसानहरुले जीवन गुमाउनु परेको छ । संकट निम्तिएपछि मधेश सरकारले २६ असारमा मधेश प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार प्रदेश सरकारको सिफारिसमा संघ सरकारले संकटग्रस्त क्षेत्र घोषणा गर्ने व्यवस्था छ । मधेश सरकार आफैंले शुरुमा सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । ६ साउनमा मधेश सरकारले संघीय सरकारलाई संकटग्रस्त क्षेत्र घोषणाका लागि सिफारिस गरेको थियो । त्यही सिफारिसका आधारमा ७ साउनमा बसेको मन्त्रिपरिषद बैठकले मधेश प्रदेशका आठवटै जिल्लालाई तीन महिनाका लागि संकटग्रस्त घोषणा गरेको थियो ।

**तयारी विनाको घोषणा**

मधेश सरकारले सुक्खाग्रस्त क्षेत्र र संघ सरकारले संकटग्रस्त क्षेत्र घोषणा गरेपनि किसानहरुले अहिलेसम्म कुनै राहत पाएका छैनन् । मधेश सरकारले खानेपानी अभाव भएको ठाउँमा ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालय, वन कार्यालयका ट्यांकरहरु प्रयोग गरेर पर्सा, बारा र सप्तरीका विभिन्न बस्तीमा पानी बाँडिरहेका छन् । वीरगञ्ज महानगरपालिका लगायत कतिपय स्थानीय तहले समेत खानेपानी वितरण गरिरहेका छन् । प्रदेश सरकारले खानेपानी बाँड्ने बाहेक अहिलेसम्म अरु नतिजामुखी काम केही गर्न सकेको छैन । संकटग्रस्त क्षेत्र घोषणा गरेको संघीय सरकारले दुईवटा अध्ययन टोली परिचालन गर्नेबाहेक अरु काम गर्न सकेको छैन ।

'मधेश सरकारद्वारा अहिलेसम्म १५ वटा ट्यांकरबाट खानेपानी वितरणको काम चलिरहेको छ' मधेश सरकारका प्रवक्ता समेत रहेका गृहमन्त्री राजकुमार लेखी भन्छन्, 'खानेपानीका लागि ठाउँठाउँमा बोरिङ गाड्न ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयलाई निर्देशन दिइएको छ । यसबाहेक अहिले खासै केही गर्न सकिएको छैन ।'

मधेश सरकारको विपद कोषमा १२ करोड रुपैयाँ छ । खानेपानी टयांकरमा इन्धन राख्न र जनशक्ति व्यवस्थापनमा विपद कोषको रकम खर्च भइरहेको मन्त्री लेखीले बताए । उनका अनुसार, अहिलेसम्म संघ सरकारबाट केही पनि सहयोग आएको छैन । प्रधानमन्त्री ओलीले ५०० डीप बोरिङ राख्ने कार्यक्रम घोषणा गरेका छन् ।

संकटग्रस्त क्षेत्र घोषणा भएपनि सरकारको क्रियाशीलता खासै नदेखिएको इन्जिनियर रत्नेश्वर लाल कर्ण बताउँछन् । 'संकटग्रस्त घोषणा त भयो । तर त्यसपछि सरकारको सक्रियता मैले देखेको छैन' उनी भन्छन्, 'जहाँ समस्या छ, त्यहाँ घना जनसंख्या छ, तत्काल बोरिङ गाड्न सक्ने हो भने धेरै राहत मिल्छ । खानेपानीको समस्या तत्काल न्यूनीकरण गर्न सकिन्छ ।'

शुक्रबार मधेश झरेका प्रधानमन्त्री केपी शर्मा ओलीले मधेशका विभिन्न जिल्लामा ५ सय डिप बोरिङ राख्ने कार्यक्रम घोषणा गरे । तर बोरिङ गाड्न पनि समय लाग्ने देखिन्छ । मन्त्री लेखी स्थानीय सरकारसँग समन्वय गरेरै खानेपानीको समस्या समाधानमा लागेको बताउँछन् । खानेपानीका लागि त काम हुन सकेको छैन भने धाजा पारेका सुख्खाग्रस्त खेतका लागि झनै केही हुन सकेको छैन । पूर्वसचिव जक्की अहमद अन्सारी सुख्खाग्रस्त क्षेत्र घोषणासँगै तत्काल राहत प्याकेज ल्याइनुपर्ने बताउँछन् । उनी भन्छन्, 'सुख्खाग्रस्त क्षेत्र घोषणासँगै तत्काल राहतका प्याकेज आउनुपर्ने हो । दीर्घकालीन समाधानका लागि विज्ञहरुको गहिरो अध्ययन सहितको प्रतिवेदन ल्याउने र त्यसमा आधारित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनासहित बजेट व्यवस्था हुनुपर्थ्यो ।'

रित्तो घोषणाले किसानहरुलाई समाधान नदिने उनको भनाइ छ । तीनै तहको सरकार बीच समन्वय र सहकार्यको अभाव समेत रहेको उनको भनाइ छ । जुन भनाइसँग मधेश सरकारका एक सचिव सहमत छन् । 'अरुको मुख ताकेर पनि पुग्दैन । भएको स्रोत साधनलाई कम्तिमा परिचालन गर्नुपर्थ्यो' उनी भन्छन्, 'संघीय सरकारले समेत यसमा ढिलासुस्ती गरिरहेको छ ।'

**स्यालो ट्युबवेल र बोरिङका कुरा**

मधेशमा खानेपानी र सिंचाइ दुबैको संकट छ । खानेपानीको संकट तत्काल टार्न सकिए पनि खेतमा खडेरीको सामना गर्न सकस देखिन्छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अनि ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयले यी विषय सम्बोधन गर्नुपर्ने देखिन्छ ।

कृषि मन्त्रालय धान रोपाइँ बढाउनुपर्ने र रोपिसकेको खेतमा बिरुवा बचाउनुपर्ने गरी तयारी गरिरहेको दावी गर्छ । यता ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयले आफ्नो प्राथमिकता खानेपानी रहेकाले समस्या न्यूनीकरण गर्ने गरी अघि बढेको जनाएको छ । ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयका सचिव रामकुमार खंगका अनुसार सहरी क्षेत्रमा झन्डै ६० प्रतिशत खानेपानीको अभाव छ । वीरगञ्जमा मात्र दैनिक ४० लाख लिटर पानीको अभाव छ । तर त्यसको १० प्रतिशत मात्र आपूर्ति हुन सकेको छ ।

हुनेखानेभन्दा विपन्न दलित वस्तीमा खानेपानीको अभाव चर्को रहेकाले उनीहरुका लागि समाधान खोज्न जरुरी रहेको सचिव खंगको भनाइ छ । प्रभावित क्षेत्रहरूमा ट्यांकरमार्फत पानी वितरण भइरहेको छ । तर सिंचाइको क्षेत्रमा खासै काम अघि बढ्न नसकेको उनी स्विकार्छन् । उनी भन्छन्, 'सिंचाइमा धेरै पानी आवश्यक पर्छ । केही योजनाहरू तत्काल चल्ने अवस्थामा छन् । त्यो सञ्चालनमा ल्याएका छौं ।' उनका अनुसार तत्काल चल्नसक्ने अवस्थामा रहेका बोरिङहरू सञ्चालनमा ल्याइएका छन् भने नयाँ बोरिङ गाड्ने काम पनि अघि बढाउने तयारी छ । एक साताभित्र बोरिङ गाड्नेगरी काम अघि बढने उनको भनाइ छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले असार अन्तिम सातादेखि आठवटै जिल्लामा कर्मचारी परिचालन गरेर सुख्खाग्रस्त क्षेत्र स्थलगत प्रतिवेदन तयार गरेको छ । सिंचाइका लागि स्यालो ट्युबवेल गाडेर रोपाइँ बढाउने र रोपिसकेको रोपोलाई बचाउने तयारी रहेको मन्त्रालयका सचिव डा. उमेश दाहाल बताउँछन् ।

सचिव दाहालका अनुसार चालु आर्थिक वर्षमा सिंचाइका लागि आठवटै जिल्लामा विनियोजन गरिएको १७ करोड रुपैयाँबाट स्यालो ट्युबवेलको काम अगाडि बढाएको छ । विगतका वर्षमा मन्त्रालयले गाडेका २१ सय स्यालोट्युबवेलले गर्दा यसपालि सिंचाइमा ठूलो सहयोग पुगेको उनको भनाइ छ ।

**छरूवा तथा सुख्खा जातको सुझाव**

सुख्खाको समस्याले मधेशका जिल्लाहरु आक्रान्त छन् । तर कृषि मन्त्रालयले तयार गरेको सुख्खाग्रस्त क्षेत्र स्थलगत प्रतिवेदनमा हालसम्म रोपाइँ भएका आधा ठाउँमा स्यालो र डिपट्युबवेलबाटै पानीको कारण सम्भव भएको उल्लेख छ । सतही पानीका स्रोत प्राय: सुकेको देखिन्छ ।

प्रतिवेदन अनुसार, मधेशका सतही सिंचाइ प्रणालीहरू मुख्य रूपमा खोला र नदीसँग जोडिएका छन् । सर्लाहीमा बागमती र मनुषमारा सिंचाइ प्रणाली, रौतहटमा बागमती तथा झाँझ नहर, पर्सा र बारामा गण्डक नहर, सप्तरीमा कोशी र चन्द्रनहर तथा सिरहा-धनुषाका केही क्षेत्रमा मात्र कमला नहर प्रयोगमा छन् । तर अधिकांश क्षेत्रमा भूमिगत स्यालो र डिप ट्युबवेल नै सिंचाइको प्रमुख आधार बनेको छ ।

सतही सिंचाइ प्रणालीको सुधार, मर्मत र पुनर्निर्माणको खाँचो रहेको प्रतिवेदनमा उल्लेख छ । भूमिगत डिप ट्युबवेलहरू सञ्चालन योग्य बनाउने पहल गर्नुपर्ने र भूमिगत पानीको गहिराइसम्बन्धी अध्ययन गरी दीर्घकालीन सिंचाइ योजना सञ्चालन गर्नुपर्ने स्थलगत अध्ययनको सुझाव छ ।

**खेतीका तौरतरिकाहरू परिवर्तन गर्नुपर्ने**

सुख्खा संकट बढ्न थालेपछि खेतीका तौरतरिकाहरु परिवर्तनहरू गर्नुपर्ने कृषि मन्त्रालयको निष्कर्ष छ । विशेषगरी छरुवा विधिबाट धान रोपाइँ, सुख्खा प्रतिरोधी धान जातको प्रवर्द्धन तथा बाली लक्षित सहुलियत उपायहरू लागू गरेर राहत प्रदान गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

चन्द्र नहर, कोशी पम्प नहर, कमला नहर, बागमती नहर, मनुसमारा सिंचाइ अन्तर्गत मानपुर नहर, गण्डक नहरहरुलाई मर्मत सम्भार गर्नुपर्ने र अरु नहर निर्माणको सम्भाव्यता अध्ययन गर्नुपर्ने प्रतिवेदनको सुझाव छ । सञ्चालनमा नरहेका भूमिगत सिंचाइ स्रोत स्यालो तथा डिपट्युबवेलहरुको व्यवस्थापन गर्नुपर्ने भनी स्थलगत विशेषज्ञहरुले निष्कर्ष निकालेका छन् ।

अल्पकालीन विकल्प अन्तर्गत तत्कालीन सिंचाइ, निष्क्रिय ट्युबवेलको पुन:सञ्चालन, वर्षा पानीको संकलनमा जोड, धानको सट्टा वैकल्पिक बाली उत्पादन, सुख्खा सहने र छोटो समयमा उत्पादन दिने धानका जातमा अनुदान दिई किसानलाई सहुलियत दिन पनि अध्ययन टोलीको सुझाव छ ।

*(स्रोत: अनलाइनखबर)*

वाइसीएल नेपाल मकवानपुरको ज्ञापनपत्र

# कालाबजारी नियन्त्रण र उचित आपूर्ति सुनिश्चित गर्न माग

साझाकुरा संवाददाता



हेटौँडा, ११ साउन/ वाईसीएल नेपाल मकवानपुर जिल्ला समन्वय समिति वाईसियल नेपालले हाल देशव्यापी रूपमा देखिएको महँगी, कालोबजारी र कृत्रिम अभावविरुद्ध आवाज उठाउँदै जिल्ला प्रशासन कार्यालय मार्फत् ज्ञापनपत्र पेश गरेको छ ।

प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठमार्फत पेश गरिएको उक्त ज्ञापनपत्रमा वाइसीएल नेपालले दैनिक रूपमा प्रयोग हुने खाद्यान्न, इन्धन, ग्यास, नुन, चिनी, दाल, चामललगायत अत्यावश्यक वस्तुहरू कालोबजारी, कृत्रिम अभाव र मूल्यवृद्धिका कारण सर्वसाधारण जनता चरम सास्तीमा परिरहेको उल्लेख गरिएको छ । विशेषगरी कमजोर वर्ग र विपन्न समुदायको जनजीवन प्रभावित हुँदै गएको भन्दै वाइसीएलले तत्काल सुधारको माग राखेको छ ।

ज्ञापनपत्रमा वाइसीएल मकवानपुरले औपचारिकरूपमा ध्यानाकर्षण गराउँदै उचित मूल्यमा सर्वसुलभ आपूर्तिको सुनिश्चितता, कालोबजारी नियन्त्रण, गुणस्तरीय बजार अनुगमन र वितरण प्रणालीलाई व्यवस्थित गर्न प्रशासनसँग आग्रह गरेको छ । साथै, बजार अनुगमन प्रभावकारी नभएमा जनतामाथिको अन्याय सहन नसकिने भन्दै वाइसीएल नेपालले आन्दोलनमा जानुपर्ने चेतावनीसमेत दिएको छ ।

ज्ञापनपत्र वाइसीएल मकवानपुरका इन्चार्ज कमल अर्याल र अध्यक्ष विरबहादुर थिङद्वारा हस्ताक्षरित छ । वाइसीएल नेपालले सधैं जनताका पक्षमा संघर्ष गरिरहेकाले सरकारलाई समयमा चेतना नपुगे गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी सहित तत्काल सुधारको माग राखेको हो ।

# थाहाकी चेली थापा इङ्ल्याण्ड राज्य परिषद्को पहिलो महिला अध्यक्षमा निर्वाचित

साझाकुरा संवाददाता



हेटौँडा, ११ साउन/ इङ्ल्याण्ड राज्य परिषद्को आगामी कार्यकालका लागि अध्यक्ष पदमा मकवानपुरको थाहा नगरपालिकाकी समाजसेवी राममाया थापा विजयी भएकी छन् । उनले कूल १०७९ मत ल्याउँदै प्रतिस्पर्धी उम्मेदवारलाई पछि पार्दै अध्यक्ष पदमा निर्वाचित भएकी हुन् ।

थाहा नगरपालिकाकी चेली थापाले निर्वाचनपश्चात् सबै समुदायप्रति आभार व्यक्त गर्दै, 'यो मेरोमात्र होइन, हामी सबैको साझा सफलता हो,' भनेर आफ्नो समर्पण र संकल्प दोहोऱ्याएकी छन् । थापाले निर्वाचनअघि आफ्नो उम्मेदवारी घोषणा गर्दै इङ्ल्याण्ड राज्यमा रहेका नेपाली समुदायको समुन्नत, समावेशी र उत्तरदायी नेतृत्व आवश्यक रहेको स्पष्ट संकेत दिएकी थिइन् । झन्डै दुई दशकदेखि बेलायतमा बसोबास गर्दै आएकी थापा, यही अवधिभर सामाजिक सेवामा निरन्तर सक्रिय रहँदै आएकी छन् । उनले नेपाली सामाजिक संघ-संस्थाहरूमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, मिडिया सचिव तथा प्रवक्ताको भूमिकामा रहेर अनुभव संकलन गरेकी छन् । हाल (२०२३-२०२५) को कार्यकालमा उनी इङ्ल्याण्ड राज्य परिषद्को कोषाध्यक्षका रूपमा क्रियाशील थिइन्, जहाँ आर्थिक अनुशासन, पारदर्शिता र संस्थागत विकासमा उनको योगदान उल्लेखनीय रह्यो ।

विपद् व्यवस्थापनदेखि महिला सशक्तिकरण, युवापुस्ताको क्षमता विकास, आपतकालीन राहत अभियान, तथा नेपालप्रतिको भावनात्मक सम्बन्ध मजबुत बनाउन उनले नेतृत्वदायी भूमिका खेलेकी छन् । २०८० मा आएको जाजरकोटको भूकम्पमा पनि बेलायतबाट राहत संकलन गरी नेपाल पठाउने अभियानमा पनि उनी अग्रणी थिइन् ।

थापाले निर्वाचनपश्चात् धन्यवाद दिँदै भनिन्, 'म पारदर्शी, उत्तरदायी र सहभागी नेतृत्वमार्फत् इङ्ल्याण्ड राज्य परिषद्लाई आदर्श सामाजिक संस्था बनाउने दृढ संकल्पका साथ अघि बढ्नेछु', उनी भएकी हुन्, जसले आगामी दिनमा नेतृत्वमा महिला सहभागिताको ढोका अझ फराकिलो बनाउने अपेक्षा गरिएको छ ।

# प्रतिबन्धित कुवेतमा ६० हजार बढी नेपाली महिला घरेलु श्रमिक

काठमाडौं/नेपाल सरकारले घरेलु श्रमिकका रूपमा कुवेत जान प्रतिबन्ध लगाएको छ, तर यो प्रतिबन्ध कागजमा मात्र सीमित देखिन्छ । हाल करिब ६० हजारभन्दा बढी नेपाली महिला कुवेतमा घरेलु श्रमिकका रूपमा काम गर्दै आएका छन् । तीमध्ये अधिकांश अवैध रूपमा गएका हुन् ।

'भिजिट भिसा' आवरणमा नयाँदिल्ली र दुबईको बाटो प्रयोग गरी एजेन्टले दैनिक सयौं महिलालाई कुवेत पुऱ्याइरहेका छन् । यसरी अवैध जाने श्रमिकलाई राज्यले चिन्दैन । कुवेतमा अलपत्र परे वा समस्यामा परेका बेलामा पनि राज्यको उपस्थिति देखिँदैन । कुवेत पुगेको केही समयभित्रै नेपाल फर्काउन उनीहरूको हारगुहार सुनिन्छ । तर, राज्य भने विनाकागजात तथा श्रम स्वीकृति नलिई गएको भन्दै उद्धारबाट पन्छिने गरेको छ । त्यसरी उद्धारको माग गर्दै उनीहरूका श्रीमान तथा घरपरिवारबाट वैदेशिक रोजगार विभाग तथा विभिन्न संघसंस्थामा पुग्ने गरेका छन् ।

**कसरी पुग्छन् नेपाली महिला कुवेत ?**

यो अवैध यात्राको सञ्जाल नेपालबाटै सुरु हुन्छ । वैदेशिक रोजगार उद्धार नेपालका अध्यक्ष इन्द्रलाल गोलेका अनुसार नेपालका एजेन्टले महिलालाई दुबई घुम्न जाने बहानामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भिजिट भिसामा पठाउँछन् । विमानस्थलमा 'सेटिङ' मिलाइएको हुन्छ र उनीहरूलाई ५ सयदेखि १ हजार अमेरिकी डलर सम्म गोजीमा हालिदिएको हुन्छ, जुन दुबई पुग्नेबित्तिकै त्यहाँको एजेन्टले फिर्ता लिन्छ । 'विमानस्थलमा फाटेको चप्पल र सामान्य लुगामा आउनेलाई पनि सेटिङका आधारमा जान दिइन्छ,' गोलेले भने, 'दुबई पुगेपछि त्यहाँबाट फेरि भिजिट भिसामा कुवेत पठाइन्छ ।'

कुवेत पुगेपछि त्यहाँका एजेन्टको कार्यालयमा महिलालाई भेडाबाखा जस्तै थुपारिन्छ र उनीहरूको उमेर र सुन्दरता हेरेर ३ लाखदेखि साढे ३ लाख नेपाली रुपैयाँ (६०० देखि ७०० कुवेती दिनार) मा दुई वर्षका लागि 'बेचिन्छ' । नेपालको एयरपोर्टमा के के भन्ने हो भनेर सबै सिकाइन्छ । दलालले उता एयरपोर्टमा सबै सेटिङ मिलाइ सकेका हुन्छन् । सोही आधारमा भिजिट भिसामा जान आवश्यक ५ सय डलरसमेत त्यही दलालले गोजीमा राखिदिन्छन् ।

**नरकीय जीवन र बन्धकको अवस्था**

एकपटक कुवेती मालिकको घरमा पुगेपछि नेपाली महिला श्रमिकको जीवन बन्धक जस्तै बन्छ । धेरैजसो महिलाले शारीरिक तथा मानसिक हिंसा, कुटपिट, यौन दुर्व्यवहार, पर्याप्त खाना नपाउने र २४ घण्टामा १८ देखि २२ घण्टासम्म काम गर्नुपर्ने जस्ता समस्या भोग्ने गरेका छन् । 'सबैभन्दा ठूलो समस्या भनेको घरमै बन्धक बनाइनु हो । उनीहरूलाई कोठामा थुनेर राखिन्छ र आवश्यक परेका बेलामात्र काममा लगाइन्छ,' गोलेले भने ।

**केही प्रतिनिधि पात्र**

नुवाकोटकी गंगा (सांकेतिक नाम) एक वर्ष अगाडि कुवेत पुगिन् । घरेलु कामका लागि नेपाली एजेन्ट कमल धिमालले उनलाई कुवेतस्थित नेपाली एजेन्ट गीता थापाकहाँ पुऱ्याए । भिजिट भिसामार्फत गएकी उनी ३/४ महिना अगाडि घर परिवारको सम्पर्कबाट बाहिर गइन् । बन्धक बनाएर कुटपिट गर्ने गरेको भन्दै उनले आफ्नो उद्धार गरिदिन भन्दै घरपरिवारमा गुहार मागिन् ।

त्यसपछि उनका दाजु तीर्थमान तामाङले उद्धार गरिदिन अनुरोध गर्दै वैदेशिक रोजगार उद्धार नेपालमा निवेदन दिएका छन् । उक्त निवेदनमाथिको कारबाही अघि बढेको उद्धार नेपालका अध्यक्ष गोलेले जानकारी दिए ।

म्याग्दीकी लक्ष्मी (सांकेतिक नाम) ५ महिना अगाडि कुवेत गएकी थिइन् । भिजिट भिसामार्फत कुवेत पुगेकी लक्ष्मीले उद्धारका लागि निवेदन दिएकी छिन् । पोखराका राम विकमार्फत कुवेत पुगेकी उनलाई कुवेती एजेन्ट गीता विकले काम लगाइदिने भनेकी थिइन् । कुवेत पुगेपछि कामज्वरो आउने, खाना नरुच्ने भएकाले काम गर्न नसक्ने बताउँदै उनी काममा जान छाडिन् । तर, उनलाई अफिसमा लैजाने, फर्काउने गर्ने गरिएको थियो ।

उनको नाक मुखबाट रगत आउने गरे पनि उपचारको व्यवस्था नगरिएपछि उनले उद्धारको माग गरेकी थिइन् । सोही अनुसार उनका ससुरा वलीप्रसाद कामीले उद्धारका लागि निवेदन दिएका थिए ।

गोरखाकी सुनिता (सांकेतिक नाम) पनि भिजिट भिसामार्फत कुवेत पुगिन् । कुवेत गएपछि उनी बिरामी परिन् । बिरामी भई काम गर्न नसक्ने हुनुका साथै घरमा उनका श्रीमान् समेत बिरामी थिए । जसले गर्दा उनले उद्धार गरिदिन अनुरोध गरेकी थिइन् । गंगा, लक्ष्मी, सुनिता जस्ता सयौँले नेपाली घरेलु श्रमिकले कुवेतबाट उद्धारका लागि अपिल गर्दै आएका छन् । उद्धार नेपालमा त्यसरी ४ सयभन्दा बढी पीडितको निवेदन फाइल रहेको अध्यक्ष गोलेले जानकारी दिए ।

कुवेतका लागिमात्र नभई इराकबाट समेत उद्धारका लागि अनुरोध गर्दै निवेदन दिनेको संख्या उत्तिकै छ । अध्यक्ष गोले राज्यले नसक्ने काम आफूहरूले गर्दै आएको बताए । गैरआवासीय नेपाली संघ (एनआरएनए) कुवेतका अध्यक्ष रणध्वज लामा विशेषगरी नयाँ जाने महिलाहरू भाषा, सिप र सांस्कृतिक ज्ञान अभावमा बढी समस्यामा पर्ने गरेको बताउँछन् । समस्यामा परेपछि उनीहरू घरबाट भागेर अवैध बन्न पुग्छन्, जसले गर्दा उनीहरूको अवस्था झनै जटिल बन्ने गरेको उनको भनाइ छ ।

**उद्धारको जटिल प्रक्रिया : जसले बेच्यो, उसैसँग गुहार**

पीडित महिलाको उद्धार प्रक्रिया अत्यन्तै जटिल छ । अध्यक्ष गोले भन्छन्, 'एजेन्टविना विदेशबाट मान्छे ल्याउन सम्भव नै छैन । जसले गैरकानुनी रूपमा पठाएको हो, उसैलाई समातेर, फकाएर र उसैमार्फत पैसा तिरेरमात्र उद्धार गर्न सकिन्छ ।' जब कुनै पीडितको उजुरी आउँछ, उद्धार संस्थाहरूले पहिले नेपालको एजेन्टलाई सम्पर्क गर्छन् । त्यसपछि उक्त एजेन्टले कुवेतको एजेन्टलाई सम्पर्क गर्छ र पीडित महिलालाई किनेको पैसा (साढे ३ लाखसम्म) मालिकलाई फिर्ता गरेपछि मात्र उनीहरू छुट्छन् । यो पैसा पीडितको परिवारले नै जुटाउनुपर्ने हुन्छ । 'पैसा तिरेर मात्रै ल्याउन सकिन्छ । उनीहरूका लागि त्यो कानुनी हो, हाम्रो देशको लागि गैरकानुनी,' गोलेले भने ।

कहिलेकाहीँ परिवारले पठाएको पैसा एजेन्टले लिएर सम्पर्कविहीन हुँदा अवस्था झनै खराब हुने गरेको छ । यस्तो अवस्थामा 'वैदेशिक रोजगार उद्धार नेपाल' जस्ता संस्थाले आर्थिक जोखिम मोलेर समन्वयकारी भूमिका खेल्ने गरेका छन् ।

**सरकारी निकाय र संस्थाहरूको भूमिका**

कुवेतस्थित नेपाली दूतावासका श्रम सहचारी गिरिप्रसाद आचार्यका अनुसार कुवेतमा हाल करिब १ लाख ६० हजार नेपाली छन् । तीमध्ये झन्डै ६० हजार घरेलु कामदार छन् भने बाँकी विभिन्न कम्पनीमा काम गर्छन् । नेपालबाट जाँदा प्रक्रिया अवैध भए पनि कुवेतको कानुन अनुसार भिसा पाउने भएकाले कुवेतमा भने गैर कानुनी मानिदैन । यसले गर्दा उनीहरूलाई ट्र्याक गर्न र उद्धार गर्न दूतावासलाई कठिनाइ हुन्छ । यद्यपि, दूतावासले विभिन्न निकायसँग समन्वय गरेर उद्धार प्रयास गर्दै आएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'सिटामोल' ट्रेलरलाई दर्शक प्रतिक्रिया: 'आँसु थाम्न सकिएन'



काठमाडौं/'झ्यानाकुटी' जोडी सौगात मल्ल र बेनिशा हमालले दोस्रो पटक सहकार्य गरेको फिल्म 'सिटामोल' जनै पूर्णिमाको छेको पारेर साउन २३ गतेबाट प्रदर्शनमा आउँदैछ । जुम्लाको कथा-व्यथामा आधारित रहेको फिल्मको टिजरदेखि गीतले दर्शकमा गहिरो प्रभाव छाडिसकेको छ । यस्तैमा चार दिनअघि सार्वजनिक ट्रेलरलाई पनि युट्युबमा उत्साहजनक प्रतिक्रिया मिलेको छ ।

१० लाख बढी भ्यूज प्राप्त ट्रेलरमा १ हजार बढी प्रतिक्रिया आएका छन्, जसमा अधिकांशले फिल्मको कथावस्तु र कलाकारहरुको अभिनयको प्रशंसा गरेका छन् । कतिले ट्रेलर हेर्दा आँसु थाम्न नसकेको बताएका छन् भने कतिले 'पूर्णबहादुरको सारङ्गी'पछि अब 'सिटामोल'ले रुवाउने अपेक्षा राखेका छन् । ट्रेलरको अन्तिममा रहेको कवितात्मक हरफले दर्शकलाई सबैभन्दा बढी छोएको छ ।

ट्रेलरमा गाउँको परिवेश, पुराना मूल्य-मान्यता र आधुनिक यथार्थबीचको टकराव देख्न सकिन्छ । पैसाको मोहले सम्बन्धमा ल्याउने असरको कथा ट्रेलरमा छ । सौगात मल्लको पात्र संवेदनशील तर विद्रोही स्वभावको देखिन्छ । जसले आफ्नो परिवार र समाजबीच सन्तुलन खोजिरहेको छ । बेनिशा हमाल भने एक आत्मविश्वासी महिलाको भूमिकामा प्रभावशाली देखिएकी छन् ।

राजबहादुर सानेको निर्देशनमा तयार भएको फिल्ममा सौगात र बेनिशासहित श्री कृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भुगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, आरआर खड्का, पवन भट्टराई, बाल कलाकारहरु करण परियार, आराध्या राज्यलक्ष्मी डिसी लगायतको अभिनय छ । फिल्ममा प्रदीप भारद्वाज र निर्देशक सानेको संयुक्त लेखन छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### एमाले स्थीरताको पक्षमा छ: नेता थपलिया

# बागमतीको विषय कांग्रेसको आन्तरिक समस्या, चाहिए 'रेस्क्यू' गर्छौं

साझाकुरा संवाददाता

हेटौँडा, ११ साउन/ नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले आफूहरु स्थीरताको पक्षमा रहेको बताएका छन् ।

बागमती प्रदेशको अहिले विषय नेपाली कांग्रेसको आन्तरिक कलहबाट सिर्जित समस्या भएको उनको भनाइ छ । एमालेको सहयोग चाहिए 'रेस्क्यू' गर्न तयार रहेको समेत उनले बताए । 'हामीले त यो विषय मिडियाबाट सुनेर थाहा पाएका हौं । पहिला त हामी आफैं अचम्मित भयौं । सरकार यति चाँडो-चाँडो अस्थीरतामा जानु हुँदैन', नेता थपलियाले भने, 'हाम्रो दलको धारणा लिनुहुन्छ भने हामीले गरेको सम्झौता बमोजिम सरकार सञ्चालन हुनुपर्छ भन्ने मान्यता हो । तर, अहिलेको विषय नेपाली कांग्रेसको आन्तरिक समस्याबाट सिर्जित विषय हो । नेकपा एमालेले सरकार अस्थीर हुने क्रियाकलाप कतैबाट नहोस् भनेर कामना र सहयोग गर्ने हो ।' प्रदेशमा अर्को मुख्यमन्त्रीको नेतृत्व भएपनि एमालेले अवरोध नगर्नेसमेत उनले बताए ।



नेपाली कांग्रेसले २० महिना गर्ने नेतृत्वमा बाँकी भएको ८ महिनाका लागि कसलाई नेता छान्ने भन्ने विषयसंग सरोकार नभएको उनले उल्लेख गरे तर, सर सल्लाहमा सरकार सञ्चालन हुनुपर्ने उनको भनाइ छ । सदनबाट पास भएको बजेट भदौ महिनादेखि कार्यान्वयनमा जानुपर्नेमा समेत उनले जोड दिए । बजेट कार्यान्वयनको समयमा कर्मचारीहरूमा पनि मानसिक रूपमा काम गर्ने वातावरण बनाउनुपर्ने उनले बताए । आफूहरूले यो विषय चाँडो टुङ्ग्याउन पनि अनुरोध गरेको नेता थपलियाले बताएका छन् ।

नेता थपलियाले बजेटमा व्यवहारिक रुपमा धेरै समस्या आएकोसमेत बताए । तर, त्यसलाई कार्यान्वयनको क्रममा मिलाउने सहमति भएको समेत उनले उल्लेख गरे । कांग्रेसले संसदीय दलको नेता टुंगो नलगाउँदासम्म बहादुरसिंह लामाले नै सरकार सञ्चालन गर्ने उनले बताए । यद्यपि महत्वपूर्ण निर्णयहरू गर्न नमिल्ने उनको धारणा थियो ।

लोकतान्त्रिक अभ्यास अनुसार पनि सांसदहरूले आफूले मन पराएको नेता छान्न पाउनुपर्ने उनको बुझाइ छ । काँग्रेसले आफ्नो संसदीय दलमा सो विषय टुङ्ग्याएर सरकार सञ्चालन गठबन्धनको स्प्रिटमा चल्ने वातावरण बनाउनुपर्ने उनले बताए ।

केन्द्रदेखि नेपाली कांग्रेस एमालेबीच सत्ता साझेदारीमा भएको सम्झौता अनुसार बागमती प्रदेशमा २० महिना नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्ने अवसर पाएको थियो । जसको वर्षदिन यही साउन महिनामा भएको छ । तर, सरकारको नेतृत्व गरेको आफ्नै मुख्यमन्त्री हटाउन नेपाली कांग्रेसका २१ जना सांसद्ले अविश्वासको प्रस्ताव दर्ता गरेका छन् ।

#### आफ्नै पार्टीबाट अविश्वासको प्रस्ताव दर्ता हुनु लज्जास्पदः कुमारी मोक्तान

यता प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) की सांसद् कुमारी मोक्तानले दुई ठुला दलको सरकारले जनताको आशा र भरोसमा कुठाराघात गरेको प्रतिक्रिया दिएकी छन् । आफ्नो दलको सरकार ढाल्न आफ्नै पार्टीबाट अविश्वासको प्रस्ताव दर्ता हुनु लज्जास्पद भएको उनले बताइन् । सांसद् मोक्तानले आलोपालोको नाममा राजनीतिक अस्थिरता पैदा गर्ने काम भएको जिकिर गरिन् । अहिले सरकारले जनतालाई डेलिभरी दिन नसकेको समेत उनले बताइन् । सरकारको अवस्था बजेटबाटै छताछुल्ल भएको उनले बताइन् ।

### अख्तियार प्रमुख राईविरुद्ध अख्तियारमै उजुरी दर्ता

# राईमाथि महाअभियोग लगाउन काँग्रेस सांसद् पन्तको माग

साझाकुरा संवाददाता

हेटौँडा, ११ साउन/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईविरुद्ध अख्तियारमै उजुरी दर्ता भएको छ ।

युवराज सफलले अख्तियार प्रमुख राईमाथि छानबिनको माग गर्दै आइतबार उजुरी दर्ता गराएका हुन् । सफलले अख्तियार प्रमुख प्रेमकुमार राई वाइडबडी जहाज घोटाला, नेपाल आयल निगम जग्गा घोटाला, नक्कली भूटानी शरणार्थी प्रकरणलगायतमा मुछिएको भन्दै आवश्यक छानबिन गर्न माग गरेका हुन् ।

विशेष अदालतले केही दिनअघि अख्तियारले दायर गरेको वाइडबडी जहाज खरिद प्रकरणको फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै अख्तियार प्रमुख राईकै भूमिकामाथि प्रश्न उठाएको थियो । अख्तियारले 'चयनमुखी अभियोजन' गरेको भन्दै अदालतले राईमाथि प्रश्न उठाएको हो ।

अख्तियारले २०८० साल चैत २२ गते एक अर्ब ४७ करोड १० लाख ८५ हजार ८४२ रुपैयाँ बिगो माग दाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

२०७३ साल वैशाख २ गते तत्कालीन सचिव प्रेमकुमार राईको अध्यक्षतामा निगमनको सञ्चालक समिति बैठक बसेको थियो । त्यस बैठकले निगमका लागि दुई वटा वाइडबडी जहाज खरिद गर्न उपसमिति गठन गर्ने निर्णय गरेको थियो । तर, अख्तियारले दायर गरेको आरोपपत्रमा भने त्यस निर्णयबारे कुनै विवाद नगरेको अदालतको टिप्पणी छ ।



विशेष अदालतको टिप्पणीले राईमाथि राजीनामाको दबाव बढिरहेका बेला अख्तियारमै मुद्दा दर्ता भएको हो । राईमाथि महाअभियोग लगाउन काँग्रेस सांसद पन्तको माग छ । नेपाली काँग्रेसकी सांसद् कमला पन्तले मुलुकको मुख्य समस्या सुशासनको अभाव भएको उल्लेख गर्दै भ्रष्टाचार र अनियमितता मौलाउँदै गएको टिप्पणी गरेकी छन् ।

राष्ट्रिय सभाको आईतबारको बैठकमा बोल्दै सांसद् पन्तले यस्तो टिप्पणी गरेकी हुन् । राज्यका प्रमुख अंगहरूप्रति जनविश्वास लगातार घटिरहेको भन्दै उनले चिन्ता व्यक्त गरिन् । सांसद् पन्तले राजनीतिक दलहरू बीचको पारस्परिक अविश्वास र सेवा प्रदायक तथा सेवाग्राहीबीच समेत विश्वासको संकट बढिरहेको उल्लेख गर्दै यसप्रति सरकार गम्भीर बन्न जरुरी रहेको बताइन् । उनले सामान्य काम सम्पन्न गर्नको लागि समेत कर्मचारीहरुले टेबुलमुनिबाट कारोबार गर्ने गरेको समेत आरोप लगाइन् ।

'अहिले हाम्रो देशको प्रमुख समस्या सुशासन हो । यसले सदाचारिताको संस्कृतिलाई मार्दै गयो र, भ्रष्टाचार तथा अनियमिततालाई प्रोत्साहन गर्दै गएको छ । त्यसैले अहिलेको समस्याप्रति म केही ध्यानाकर्षण गराउन चाहन्छु । राज्यका प्रमुख अंगहरुप्रतिको विश्वसनीयता दिनप्रतिदिन खस्किँदै गएको छ', उनले भनिन् । 'एउटा पार्टीले अर्को पार्टीप्रति र एउटा व्यक्तिले अर्को व्यक्तिप्रतिको संस्थागत विश्वसनीयता पनि घट्दै गएको छ । सेवा प्रदायक र सेवाग्राहीको बीचमा पनि विश्वसनीयता छैन । अविश्वास बढेको छ । सेवाग्राहीले सेवा सहज ढंगले प्राप्त गरेको अवस्था छैन र, टेबुलमुनिबाट कारोबार हुन्छ रे भन्ने पनि सुन्नमा आएको छ,' यो एउटा गम्भीर समस्या हो ।'

सांसद् पन्तले घुस प्रकरणमा जोडिएका मन्त्रीहरु समेत खुलेआम हिँडिरहेको भन्दै मन्त्रिपरिषद्ले बोल्ने कि नबोल्ने भन्दै प्रश्न गरिन् । उनले दुईवटा वाइडबडी विमान खरिद प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्णय प्रक्रियामा संलग्न आफ्ना प्रमुख आयुक्त राईमाथि अभियोजन नगरेकोमा विशेष अदालतले प्रश्न उठाएपछि उनीमाथि महाअभियोग लगाउनसमेत माग गरिन् ।

# प्रदेशतर्फ नवीन रायमाझी र संघीयतर्फ राम थोकर अध्यक्ष चयन

साझाकुरा संवाददाता

हेटौँडा, ११ साउन/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरको निर्वाचन क्षेत्र न २ र प्रदेश सभा २(क) को क्षेत्रीय अधिवेशन थाहाको शंकर होटलमा सम्पन्न भएको छ ।

अधिवेशनको अध्यक्षता क्षेत्रीय अध्यक्ष रामबहादुर घलेले गरेका थिए भने कार्यक्रममा प्रमुख अतिथि पूर्वाधार विकास समितिका सभापति एवम् राप्रपाका सांसद् दीपकबहादुर सिंह थिए । प्रमुख अतिथि सिंहले २०४६ साल पछिका सबै काण्डहरूको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिए । उनले देशमा सुशासन र संविधान संशोधन गर्ने भन्दै एमाले-कांग्रेस मिलेको भएपनि प्रधानमन्त्री ओलीको संसदमा सम्बोधनपछि भ्रष्टाचारको पहिरो झनै बढेको आरोप लगाए । 'अहिले त 'भिजिट भिसा' मा युवाहरू नै बेचिन थालेको अवस्थामा मुलुक गइरहेको छ', उनले बताए ।

सिंहले राप्रपाले संसदीय छानबिनको माग गर्दै दुई महिना सदन अवरुद्ध गरिसकेको जनाउँदै अहिले अन्तर्राष्ट्रिय दबाबपछि मात्र संवादमा बस्ने संकेत देखिएको बताएका छन् । देशको विकास र



सुशासन राप्रपाले मात्र दिन सक्ने दाबी गर्दै उनले आफूले थाहा नगरमा इलाका प्रशासन कार्यालय स्थापनाको लागि निरन्तर संसद्मा आवाज उठाइरहे पनि सरकारमा रहेका दलका सांसद्हरूले सहयोग नगरेको गुनासो गरे ।

अधिवेशनमा विभिन्न तहका नेतृत्व सर्वसम्मत रूपमा चयन गरिएको छ । प्रतिनिधि सभा क्षेत्र नं. २ बाट अध्यक्षमा रामथोकर निर्वाचित भएका छन् भने प्रदेश सभा क्षेत्र नं. २ (क) का अध्यक्ष मानविन रायमाझी चयन भएका छन् ।

यसैगरी, थाहानगर महिला संगठनको अध्यक्षमा वसुन्धरा पुडासैनी सर्वसम्मत चयन भए । कार्यक्रममा पार्टीका स्थानीय नेता, कार्यकर्ता, विभिन्न तहका जनप्रतिनिधि, र बुद्धिजीवीहरूको बाक्लो उपस्थिति थियो । नेताहरूले अधिवेशनलाई संगठन सुदृढीकरण तथा भावी राजनीतिक मार्गचित्र निर्माणको अवसरको रूपमा लिएका थिए ।

कार्यक्रममा राप्रपाका केन्द्रीय सदस्य रामबहादुर थोकर, रामहरि न्यौपाने, प्रदेश सचिव गुन्जनबहादुर न्यौपाने, प्रदेश सदस्य खुशी कार्की, जिल्ला कार्यवाहक अध्यक्ष सागर थापा, जिल्ला सदस्य दीपक थापा, तिर्थ मोक्तान, निर्वाचन समितिका संयोजक गोपी न्यौपाने, सह-संयोजक महेन्द्र इटनी, संघीय निर्वाचन क्षेत्र १(क) का अध्यक्ष सिताराम बर्तौला, २(ख) का अध्यक्ष नरहरी सुवेदी, हेटौँडा उपमहानगर अध्यक्ष अरुण लामा, थाहा नगर अध्यक्ष कुलमान तामाङलगायत भातृ संगठनका नेताहरूको समेत उल्लेखनीय उपस्थिति थियो ।

# रोट्र्याक्ट क्लब अफ मकवानपुरमा अमित पदस्थापित



साझाकुरा संवाददाता

हेटौँडा, ११ साउन/ रोट्र्याक्ट क्लब अफ मकवानपुरको अध्यक्षमा अमितकुमार सिंह पदस्थापित भएका छन् । शनिबार एक समारोहबीच अमित अध्यक्षमा पदस्थापित भएका हुन् ।

निवर्तमान अध्यक्ष सृजना लामिछानेको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा पदस्थापन कार्यक्रम भएको हो ।

कार्यक्रममा रोट्र्याक्ट क्लब अफ मकवानपुरको अभिभावक संस्था रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष विजयकुमार श्रेष्ठ र रोट्र्याक्ट क्लब अफ मकवानपुरका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारीको आतिथ्य थियो । क्लबको उपाध्यक्षमा सुजन राई, सचिवमा जमुना थापा, कोषाध्यक्षमा रचना कार्की चयन भएका छन् ।

युवाको व्यक्तित्व, नेतृत्व विकासमा सहयोगी संस्थाको रुपमा रोट्र्याक्ट क्लबको नेतृत्वको अवसर आफ्ना लागि महत्वपूर्ण रहने नवनिर्वाचित अध्यक्ष अमितको भनाइ छ ।

# मन्त्री थापाद्वारा अस्पतालमा निरीक्षण

साझाकुरा संवाददाता

हेटौँडा, ११ साउन/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापा र बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालको सेवा तथा भवनको निरीक्षण गरेका छन् ।

चिकित्सा शिक्षा आयोगको अनुगमनको पूर्वसन्ध्यामा निरीक्षण भ्रमणले प्रतिष्ठानको आगामी योजनाका विषयमा थप छलफल भएको थियो । निरीक्षणका क्रममा मन्त्री थापाले प्रतिष्ठानले सञ्चालनमा ल्याएको बीएस्सी नर्सिङ, बिपिएच, बिएमएलटी, बी फर्मा कार्यक्रमहरूको प्रशंसा गर्दै एमबीबीएसको



पूर्वतयारीमा लाग्न आग्रह गरे । हाल सञ्चालनमा रहेको बीएस्सी नर्सिङ कार्यक्रमको सिट संख्या २० बाट बढाएर ४० पुर्‍याउन तयारीमा प्रतिष्ठानले तयारी गरेको छ ।

प्रतिष्ठानका उपकुलपति डा. प्रदिप ज्ञवाली, शिक्षाध्यक्ष डा. दिनेश कुमार लम्साल, रजिस्ट्रार भीमसागर गुरागाईं, निर्देशक डा. रामचन्द्र सापकोटा, अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य उत्सव चौलागाईं , लक्ष्मी पौडेललगायत चिकित्सक एवम् अन्य कर्मचारीहरुको सहभागिता थियो ।

स्वास्थ्य मन्त्री थापाले चिकित्सा शिक्षा आयोगको मापदण्ड अनुसार सबै पूर्वाधार र शैक्षिक तयारीलाई पूर्णता दिने भन्दै प्रदेश सरकार पूर्ण प्रतिवद्ध रहेको बताए । प्रतिष्ठानको तर्फबाट उपकुलपति डा. ज्ञवालीले प्रतिष्ठानलाई एमबीबीएस कार्यक्रम सञ्चालन गर्ने आधार निर्माण भइसकेको बताउँदै अब चिकित्सा शिक्षा आयोगको स्वीकृतिको पर्खाइ मात्र रहेको उल्लेख गरेका छन् ।

"मकवानपुरको शिक्षामा शान, गुणास्तरीय शिक्षा, भुटनदेवी मा वि को पहिचान"

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक गुणस्तरमा सामुदायिक विद्यालय तर्फ मकवानपुर जिल्लामै उत्कृष्ट नतिजा हासिल गर्न सफल यस भुटनदेवी मा. वि. हेटौडा-४ मा शैक्षिक सत्र २०८२ का लागि विज्ञान, व्यवस्थापन र ३ वर्षे डिप्लोमा सिभिल इन्जिनियरिङ्गमा धमाधम भर्ना खुल्यो।

**हाम्रा विशेषताहरू:**

१) अत्याधुनिक Computer lab, Science lab/Civil Engineering ल्याबको व्यवस्था भएको ।
२) Multimedia तथा Interactive Board को प्रयोग गरी कक्षा संचालन गरिने ।
३) उपयुक्त भौतिक पूर्वाधार सहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेल मैदान भएको ।
४) सुन्दर, शान्त एवम् रमणीय वातावरणमा अध्यापन गराइने ।
५) दक्ष एवम् अनुभवी शिक्षक/प्रशिक्षकहरूद्वारा अध्यापन गराइने ।
६) गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्रिको व्यवस्था भएको

**हाम्रो छात्रवृत्रि कार्यक्रम** :

SEE परीक्षामा

- 3.61 वा सो भन्दा माथि GPA प्राप्त गर्ने विद्यार्थीलाई भर्ना र मासिक शुल्कमा पूर्ण छुट ।
- GPA-3.21 देखि 3.6 सम्मा प्राप्त गर्ने विद्यार्थीलाई मासिक शुल्कमा पूर्ण छुट
- GPA-2.81 देखि 3.2 सम्म प्राप्त गर्ने विद्यार्थीलाई भर्ना र मासिक शुल्कमा ५०% छुट
- GPA-2.41 देखि 2.8 सम्म प्राप्त गर्ने विद्याधीलाई मासिक शुल्कमा ५०% छुट
- GPA-1.6 देखि 2.4 सम्म प्राप्त गर्ने विद्याथीलाई मासिक शुल्कमा २५%. छुट
- भर्ना फारम धमाधम वितरण भइरहेकोले तुरुन्त सम्पर्क गर्नु होना।

*थप जानकारीको लागि:*

**श्री भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**

हेटौंडा-४, मकवानपुर

सम्पर्क नं.: ९८४५४५९८०५, ९८४५२८६८३०, ९८५५०७१६०७

## भवन निर्माणको ज्याला दररेट पेश गर्ने कोटेशन आह्वान सम्बन्धि सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८२/०४/१२*

यस निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जि.म.हे.उ.म.न.पा. वडा नं.-४ स्थित कि.नं. ३३४८ र ३२५९ को जग्गामा **बहुउद्देश्यीय भवन** निर्माण गर्ने निर्णय भए अनुसार उक्त भवन निर्माण कार्य निर्माण सामाग्रीहरु (छड, सिमेन्ट, इट्टा, गिट्टी, वालुवा, झ्याल, ढोका, शटर रेलिङ्ग) बाहेक सम्पूर्ण सिमेन्ट सम्वन्धी कार्यहरु ज्याला दररेटमा गराउनुपर्ने भएको हुँदा उक्त ५ तल्लाको बहुउद्देश्यीय भवन तथा रुफटप समेत के कति दररेटमा गर्न सकिन्छ सो को ज्याला दररेट पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सर्तहरू**


१. दरभाउपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र निर्माण व्यवसायी संघ मकवानपुरको कार्यालयबाट खरिद गरी १६ औं दिन १२:०० वजे भित्र दर्ता गरी सक्नुपर्ने छ ।
२. दरभाउपत्र खरिद गर्नको लागि यस संघको नविल बैक हेटौडा शाखामा रहेको चल्ती खाता नं. ०२३०१०१७५०१९८० मा रु १,००० (एक हजार मात्र पछि फिर्ता नहुने) जम्मा गरेको सक्कल भौचर सहित निवेदन पेश गर्नुपर्ने छ ।
३. दरभाउपत्र दाता फर्म वा कम्पनी भए नविकरण भएको इजाजत पत्र, पान दर्ता प्रमाण पत्र, २०८०/०८१ कर चुक्ता प्रमाण पत्र तथा व्यक्तीबाट भए नागरिकताको प्रतिलिपिसहित दरभाउपत्र खरिद गर्न सकिने छ ।
४. म्याद नाघी प्राप्त भएको वा रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
५. दरभाउपत्र पूर्णरुपमा स्विकृत गर्ने वा अस्विकृत गर्ने अधिकार यस संघमा निहित रहने छ ।
६. दररेट पेश गर्दा प्रत्येक तल्लाको छुट्टा छुट्टै छत नापि गरेर (साइड बाहेक) भुक्तानी पाउने गरी प्रत्येक तल्लाको छुट्टा-छुट्टै दररेट पेश गर्नु पर्ने छ ।
७. यस बहुउद्देश्यीय भवनमा लिफ्ट समेत रहने र नक्सा अनुसार शेयर वाल समेत रहने हुदाँ नक्सा, निर्माण स्थल र स्पेशिफिकेशन हेरी बुझी अध्यन गरेर मात्र दररेट पेश गर्नु पर्ने छ ।
८. भवन निर्माणको लागि आवश्यक सम्पूर्ण निर्माण सामाग्रीहरु यस संघले खरिद गरी दिने तर मिक्चर, भाइब्रेटर, लिफ्ट, कम्प्याक्टर मंकी जम्पर, वुट, हेल्मेट, सेृटी सामानहरु, क्युव वाक्सा भोल्ड, अरु आवश्यक औजारहरु सम्पूर्ण निर्माण कर्ताले आफै व्यवस्था गर्नु पर्ने छ ।
९. कार्य अवधिभर निर्माण कार्य गर्दा साइड इन्चार्ज, सुपरभाइजर,कामदारहरु सम्पुर्णको तेस्रो पक्ष बिमा गरे पश्चात सम्झौता गरिने छ ।
१०. यस सूचनामा प्रकाशित भएका कुराहरु यसै अनुसार र अन्य कुनै प्रावधान भए प्रचलित कानुन अनुसार हुनेछ ।

**निर्माण व्यवसायी संघ मकवानपुर**

हेटौडा-४

कार्यालय फोन नं. : ०५७-५२०८१६, मोवाईल नं.: ९८५५०१५८१६

ईमेल: caofmakwanpur@gmail.com




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना